व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

An ISO 9001: 2015 Certified Academy

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

qualityaustria SYSTEM CERTIFIED ISO 14001:2015 No. 27757/0

MEMBER OF IQNET

चौमासिक बुलेटिन वर्ष ३ अङ्क ३ (२०७९ चैत्र – २०८० आषाढ)

## यस अङ्कमा......


- सवाल केन्द्रित संवाद कार्यक्रम
- सामाजिक जवाफदेहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- आर्थिक प्रशासन सम्बन्धी SOP निर्माण
- प्रतिष्ठानद्वारा प्रदान गरिएका तालिमको प्रभाव अध्ययन
- स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन
- स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान
- स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश तालिम
- क्षमता विकास सम्बन्धी तालिम कार्यक्रमहरु
- विविध
- आ.व. २०७९/८० मा सम्पादित महत्वपूर्ण क्रियाकलापहरु


## संवाद कार्यक्रम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अनुसार प्रतिष्ठानका मुख्य जिम्मेवारीहरूमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षण गर्ने; प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सवल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने; प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने र संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने रहेका छन् । यस चौमासिक अवधिमा विभिन्न विषयमा निम्नानुसार संवाद कार्यक्रम सञ्चालन भएका छन् ।

### वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी संवाद कार्यक्रम

यस प्रतिष्ठानको आयोजनामा प्रदेश सभाका माननीय सदस्यहरूसँग वित्तीय संघीयता, अन्तरसरकार सम्बन्ध र प्रदेशमा कानून निर्माण प्रक्रियाका बारेमा संवाद कार्यक्रम मिति २०८० जेष्ठ १७ गते सम्पन्न भएको छ ।

गण्डकी प्रदेश सभाका माननीय सभामुख श्री कृष्णप्रसाद धितालको अध्यक्षता तथा प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेको प्रमुख आतिथ्यतामा सञ्चालन भएको कार्यक्रममा प्रदेश सरकारका



माननीय मन्त्रीहरू, माननीय उपसभामुख, प्रदेश सभाका माननीय सदस्यहरू एवम् प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका प्रमुख , सचिव एवम् सचिवहरू सहित करिब १०० जनाको उपस्थिति रहेको थियो । संवाद कार्यक्रममा नेपालको संघीयता र वित्तीय संघीयता, Sub-national Governance, नेपालको संघीयतामा अन्तरसरकार सम्बन्ध: प्रदेशमा कानून निर्माण प्रक्रिया र विधायकहरूको भूमिकाजस्ता विषयहरूमा प्रतिनिधि सभाका माननीय सदस्य रमेश लेखक, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल लगायतका विज्ञ सहजकर्ताहरूबाट सहजीकरण भएको थियो । यसका साथै फोरम अफ फेडेरेशनका अन्तरसरकार सम्बन्ध विषयका विज्ञ Reuben Baatjie द्वारा संघीयतामा अन्तरसरकार सम्बन्ध सम्बन्धी दक्षिण अफ्रिकाको अनुभवको प्रस्तुतीकरण भएको थियो ।

### स्थानीय तहको शासकीय क्षमता सम्बन्धी संवाद कार्यक्रम

प्रतिष्ठानको आयोजनामा स्थानीय तहमा निर्मित एवम् निर्माणाधिन आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना र लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अवस्था एवम् स्थानीय तहको समग्र शासकीय क्षमता




अभिवृद्धि सम्बन्धमा गण्डकी प्रदेशका सबै गाउँपालिका तथा नगरपालिकाबीच संवाद कार्यक्रम २०७९ चैत्र ९ गते सम्पन्न भएको थियो । प्रदेश सरकारका तात्कालिन आर्थिक मामिला मन्त्री माननीय सिता कुमारी सुन्दासबाट कार्यक्रमको उद्घाटन भएको थियो । यस प्रकारको सवाल केन्द्रित संवाद कार्यक्रमबाट स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा नीतिगत पृष्ठपोषण गर्न महत्वपूर्ण योगदान पुगेको छ । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागिता रहेको थियो । कार्यक्रममा १० जना महिला तथा १११ जना पुरुष गरी जम्मा १२२ जनाको उपस्थिति रहेको थियो । संवाद कार्यक्रमको सहजीकरण गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे, विज्ञ प्रशिक्षक प्रेम दवाडी, विजय पन्त लगायतबाट भएको थियो । उक्त कार्यक्रममा समूहगत छलफलबाट प्राप्त भएको निचोडलाई समूह प्रतिनिधिबाट प्रस्तुतिकरण भएको थियो ।



## स्थानीय तहमा सामाजिक जवाफदेहितासम्बन्धी अभिमुखीकरण कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा ५ ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतहरूका लागि प्रतिष्ठानको आयोजनामा मुस्ताङ, म्याग्दी, बागलुङ, लमजुङ, मनाङ र गोरखा जिल्लाका लागि मिति २०७९ चैत्र २८ गते तथा पर्वत, स्याङ्जा, कास्की, नवलपरासी, तनहुँ जिल्लाका लागि मिति २०८० बैशाख १४ गते सामाजिक जवाफदेहिता सम्बन्धी एक दिवसीय अभिमुखीकरण एवम् संवाद कार्यक्रम सम्पन्न भएका छन् । कार्यक्रममा स्थानीय तहका प्रमुख/अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत गरी दुबै कार्यक्रममा ११६ जनाको सहभागिता रहेको थियो । चैत्र २८ गते भएको कार्यक्रममा प्रदेश सरकारका तात्कालिन माननीय मुख्यमन्त्री खगराज अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो भने बैशाख १४ गते भएको कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थ रहनु भएको थियो । कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव एवम् सूचना आयोगका पूर्व प्रमुख आयुक्त कृष्णहरि बास्कोटा लगायतबाट सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता विषयमा सहजीकरण गर्नु भएको थियो ।




## आर्थिक प्रशासन सम्बन्धी SOP निर्माण




प्रतिष्ठानले क्षमता विकासका लागि विभिन्न विषयगत तालिम/प्रशिक्षणका अतिरिक्त तालिमलाई वैकल्पिक माध्यमबाट अगाडि बढाउन आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) तयार गरी कार्यान्वयन गर्ने रणनीति अनुसार गत आर्थिक वर्षमा कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्ड लगायत सहयोगी कर्मचारीहरूको भूमिका विषयमा SOP निर्माण गरिएको थियो । यस आर्थिक वर्षमा आर्थिक प्रशासन सम्बन्धी SOP निर्माण गरिएको छ । यसबाट सार्वजनिक निकायको आर्थिक प्रशासनको कामलाई व्यवस्थित एवम् प्रभावकारी ढंगले कार्यसम्पादन गर्न मार्गदर्शन गर्ने लिखित दस्तावेज तयार भएको छ । यसले आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु सिलसिलाबद्ध र व्यवस्थित हुनेछन् भन्ने अपेक्षा राखिएको छ । यस कार्यविधिमा कार्यालयको आर्थिक प्रशासन र यससँग जोडिएका वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक खरिद, लेखा व्यवस्थापन, लेखा परीक्षण लगायतका विषयवस्तुहरु समेटिएका छन् ।

## प्रतिष्ठानद्वारा प्रदान गरिएका तालिमको प्रभाव अध्ययन

प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीका लागि आवश्यकतामा आधारित क्षमता विकास तालिम तथा अन्य कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । प्रतिष्ठानले हालसम्म झण्डै ४ सयभन्दा बढी तालिमबाट जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरु गरी करिब १६ हजार जनालाई तालिम प्रदान गरिसकेको छ । प्रतिष्ठानद्वारा आवश्यकता पहिचान गरी सञ्चालन गरिएका ती तालिमहरु पश्चात् सहभागीहरूले सिकाईलाई कार्यस्थलमा कार्यान्वयन गरे वा नगरेको सम्बन्धमा विभिन्न माध्यमबाट फलो-अप तथा अनुगमन गर्दै आइरहेकोमा त्यस्ता तालिमहरूले सम्बन्धित् कार्यालयको कार्यसम्पादनमा पारेको प्रभाव मूल्याङ्कनका लागि यस आर्थिक वर्षमा तेस्रो पक्षबाट अध्ययन गरिएको थियो । उक्त अध्ययनले तालिमका प्रशिक्षार्थीहरूले तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई कार्यान्वयनमा ल्याई सम्बन्धित संस्थाको कार्य सम्पादनमा सुधार ल्याउन योगदान पुगेको निष्कर्ष निकालेको छ ।

## स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन




नेपालको वर्तमान शासकीय संरचनामा स्थानीय आर्थिक विकासका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान गरी योजनाबद्ध ढंगले अगाडि बढाउन आवश्यक मार्गदर्शन गर्न र नीतिगत रूपमा संघ तथा प्रदेश सरकारको भूमिकालाई प्रष्ट्याउदै स्थानीय आर्थिक विकासका लागि आवश्यक रणनीति तय गर्न सहयोग पुऱ्याउनका लागि प्रतिष्ठानले यस आर्थिक वर्षमा स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन गरेको छ । यो अध्ययन मूलतः स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवधारणाको कार्यान्वयनको अवस्था र भावि संभावनाहरूको विश्लेषणमा केन्द्रित रहेको थियो । गण्डकी प्रदेशको सन्दर्भमा गरिएको यस अध्ययनले स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासको सम्बन्धमा महत्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ । यस अध्ययनले स्थानीय तहमा आर्थिक कृयाकलापहरु कार्यान्वयनमा आएको भएता पनि नीतिगत रूपमा योजनाबद्ध ढंगले स्थानीय आर्थिक विकासको अवधारणा अनुसार अगाडि बढ्न नसकेको निष्कर्ष निकालेको छ ।

## स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान

प्रतिष्ठानद्वारा गण्डकी प्रदेश अन्तरगतका ८५ वटै स्थानीय तहहरूको शासकीय क्षमता विकासका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत स्थानीय तहका आवधिक विकास योजना, क्षमता विकास योजना, आन्तरिक राजश्व सुधार कार्ययोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण जस्ता कार्यमा आर्थिक तथा प्राविधिक सहयोग गर्दै आइरहेको छ । हालसम्म प्रतिष्ठानको आर्थिक तथा प्राविधि सहयोगमा ३८ स्थानीय तहमा आवधिक विकास योजना, ३४ स्थानीय तहमा क्षमता विकास योजना, ४७ स्थानीय तहमा आन्तरिक राजश्व सुधार कार्ययोजना र ६३ स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण भएका छन् । जसमध्ये यस आर्थिक वर्षमा ५ स्थानीय तहमा आवधिक विकास योजना, १४ स्थानीय तहमा क्षमता विकास योजना, १४ स्थानीय तहमा आन्तरिक राजश्व सुधार कार्योजना र १९ स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण भएका छन् । यस्ता योजनाहरूले स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको छ ।

## स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश तालिम

प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्न कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूका लागि आवश्यक प्रशिक्षण संचालन गर्ने प्रतिष्ठानको महत्वपूर्ण उद्देश्य अनुरूप प्रदेश लोक सेवा आयोग गण्डकीद्वारा विभिन्न स्थानीय तहका विभिन्न सेवाका लागि छनौट तथा सिफारिस भई कार्यरत कर्मचारीहरूका लागि यस चौमासिक अवधिमा पहिलो चरण मिति २०७९ चैत्र २१ देखि २३ (कास्की र स्याङ्जा), दोस्रो चरण मिति २०७९ चैत्र २६ देखि ३०(बाग्लुङ र तनहूँ), तेस्रो चरण २०८० बैशाख ११ देखि १५ (पर्वत र

म्याग्दी) चौथो चरण २०८० बैशाख २५ देखि २९ (मनाङ, मुस्ताङ र लमजुङ) तथा पाँचौ चरण मिति २०८० जेष्ठ ७ देखि ११ (गोरखा र नवलपरासी -व.सु.पू) गरी पाँच चरण दश समूहमा ८५ स्थानीय तहका ३१५ जना कर्मचारीका लागि सेवा प्रवेश तालिम प्रदान गरिएको छ । प्रतिष्ठानद्वारा तयार गरिएको सेवा प्रवेश तालिम पाठ्यक्रममा रहेका कार्यालय व्यवस्थापन, स्थानीय तह सञ्चालन र व्यवस्थापन, स्थानीय तहको आर्थिक कार्य प्रणाली, सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता र विकास व्यवस्थापन गरी पाँचवटा मोड्यूलमा प्रशिक्षण गरिएको थियो । यस तालिमले कर्मचारीहरूलाई कार्यालय व्यवस्थापन, सरकारी वित्त व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र सुशासन, स्थानीय तह सञ्चालन र व्यवस्थापन तथा स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन जस्ता क्षेत्रमा काम गर्न योगदान पुगेको छ ।



गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले तालिमको औपचारिक रूपमा शुभारम्भ गर्नु भएको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा रहेको जनशक्तिका अतिरिक्त प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत विज्ञ प्रशिक्षक एवम् विभिन्न क्षेत्रमा कार्यरत विषय विज्ञहरूले सहजिकरण गरेका थिए ।




## क्षमता विकास सम्बन्धी तालिम कार्यक्रमहरू

### रूपान्तरणकारी नेतृत्व विकास तालिम कार्यक्रम

स्थानीय तहका महिला जनप्रतिनिधिहरूको नेतृत्व क्षमता अभिवृद्धि गरी स्थानीय तहको निर्णय प्रकृयामा पहुँच वृद्धि गर्दै लै.स.सा.स उत्तरदायी नीति योजना तथा कार्यक्रम बनाउन सहयोग गर्ने उद्देश्यका साथ प्रतिष्ठानको आयोजनामा स्थानीय तहका नवनिर्वाचित महिला जनप्रतिनिधिहरू तथा वडा स्तरका नेतृत्वदायी भूमिकामा रहेका व्यक्तिहरूका लागि अन्नपूर्ण गाउँपालिकाको वडा नं. ९ (मिति २०७९।१२।२८ र २९), मादी गाउँपालिका वडा नं. १२ (मिति २०८०।०१।७ र ८) र रूपा गाउँपालिका वडा नं. ७ (मिति २०८०।१।२८ र २९) मा दुई



दिवसीय रूपान्तरणकारी नेतृत्व विकास तालिम कार्यक्रम सम्पन्न भएका छन् । तालिममा सहभागीहरूको उत्साहजनक सहभागिता रहेको थियो । उक्त कार्यक्रमहरूबाट १२० जना महिला तथा १३६ जना पुरुष गरी कूल २५६ जना लाभान्वित भएका छन् ।

### स्थानीय तहका विषयगत समितिका लागि तालिम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायतका समिति गठन गर्न सकिने व्यवस्था गरेको छ भने स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दीग्दर्शन, २०७४ ले स्थानीय तहमा आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच  वटा विषयगत समितिहरू गठन गर्न




सकिने व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार गठित समितिका संयोजकहरूको जिम्मेवारी, भूमिका र कर्तव्य बोध गराउने उद्देश्यले प्रतिष्ठानको आयोजना तथा सम्बन्धित् जिल्ला समन्वय समितिको समन्वयमा २ दिने तालिम कार्यक्रम म्याग्दी, गोरखा र पर्वत जिल्लामा सम्पन्न भएका छन् । उक्त कार्यक्रमहरूबाट १५ जना महिला तथा १०५ जना पुरुष गरी कूल १२० जना लाभान्वित भएका छन् ।

### नेटवर्किङ तथा इन्टरनेट सम्बन्धी तालिम

गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय तथा प्रदेशस्तरीय कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर तथा कम्प्युटर अधिकृतहरूका लागि कम्प्युटर नेटवर्किङ तथा इन्टर नेटसँग सम्बन्धित विषयमा मिति २०८०।०२।२१ देखि २३ सम्म ३ दिने तालिम सम्पन्न भएको छ । उक्त कार्यक्रममा ५ महिला र ९ जना पुरुष गरी जम्मा १४ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।



### एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तालिम

गण्डकी प्रदेश अन्तरगतका ८५ वटै स्थानीततहका शिक्षा महाशाखा प्रमुख/शाखा प्रमुखहरूका लागि लक्षित गर्दै एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तालिम कार्यक्रम प्रतिष्ठानको आयोजनामा मिति २०८०।०२।२४ र २५ गते पोखरामा सम्पन्न भएको छ । कार्यक्रममा गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय सुशिला सिंखडाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमलाई शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट सहजिकरण गर्ने व्यवस्था मिलाइएको थियो । कार्यक्रममा ६१ जना पुरुष र १७ जना महिला सहित कूल  ७८ जनाको सहभागिता रहेको थियो ।



## कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता सम्बन्धी अन्तरक्रिया

यौनजन्य दुर्व्यवहार (निवारण) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७१ को दफा २१ अनुसार आचारसंहिता बनाउनुपर्ने व्यवस्था अनुरूप गत आर्थिक वर्षमा प्रतिष्ठानद्वारा कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरूद्धको आचारसंहिता निर्माण सम्बन्धमा स्थानीय तहका कर्मचारीहरूको लागि तालिम प्रदान गरिएको थियो । उक्त कार्यक्रमको फ्लोअप गर्ने उद्देश्यले गण्डकी प्रदेश अन्तरगतका स्थानीततहहरूका सामाजिक शाखामा कार्यरत कर्मचारीहरू (लैससास सम्पर्क व्यक्ति) का लागि कार्यस्थलमा हुने हिंसा विरूद्धको आचारसंहिताको कार्यान्वयन सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम मिति २०८० जेष्ठ ३ मा सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न स्थानीततहबाट २१ महिला तथा १२ पुरुष गरी ३३ जनाको सहभागिता रहेको थियो ।



## प्रतिष्ठानका कर्मचारीहरूका लागि Instructional Design सम्बन्धी तालिम

प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूको पेशागत दक्षता अभिवृद्धि गराउने उद्देश्यले Instructional Design तथा सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम मिति २०८०।०३।१५ र १६ गते सम्पन्न भएको छ । कार्यक्रममा विशेषगरी Instructional Design अन्तरगत ADDIE मोडल, Benjamin Bloom को उद्देश्यका तहहरू (Taxonomy of Objectives) एवम् R.M. Gagne को Nine Events of Instruction जस्ता विषयहरूका साथै तथा प्रशिक्षणका क्रममा प्रयोग गरिने अपेक्षा संकलन, पूर्व परीक्षण, पश्च परीक्षण, सन्तुष्टी सर्वेक्षण जस्ता सूचना संकलन एवम् नतिजा विश्लेषणका लागि उपयोगी हुने Google Tools, Mentemeter तथा Khaoot जस्ता अनलाइन टुल्सहरूको प्रयोग गर्ने विषयमा केन्द्रित रहेको थियो ।




## विविध

### तालिम आवश्यकता पहिचान

तालिम कार्यक्रमहरूलाई आवश्यकतामा आधारित र कर्मचारी तथा जनप्रतिनिधिहरूको चाहाना अनुरूप बनाउने प्रतिष्ठानको ध्येय अनुरूप विगत वर्षहरूमा जस्तै यस वर्ष पनि आगामी आर्थिक वर्षको योजना तर्जुमा पूर्व नै तालिम आवश्यकता पहिचान गरिएको छ । प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरू तथा मन्त्रालय अन्तरगतका कार्यालयहरू र गण्डकी प्रदेश अन्तरगतका सबै स्थानीय तहहरूमा पत्राचार गरी तालिमको आवश्यकता पहिचान गर्ने कार्य गरिएको थियो । यसका साथै यस आर्थिक वर्षमा सञ्चालन भएका तालिम कार्यक्रममा सहभागी भएका प्रशिक्षार्थीसँग छलफल तथा अन्तरक्रिया गरी तालिम आवश्यकता पहिचान गरिएको थियो । यस क्रियाकलापले प्रतिष्ठानद्वारा प्रदान गरिने तालिमहरू जनप्रतिनिधि तथा कर्मचारीको आवश्यकता, माग तथा रूचि अनुरूप हुने अपेक्षा लिइएको छ ।

### ISO Surveillance Audit

प्रतिष्ठानले अवलम्बन गरेको गुण व्यवस्थापन प्रणाली (QMS) का लागि Quality Austria बाट गत वर्ष नै ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्नुका साथै International Quality Network को सदस्य बनेको थियो । ISO को प्रावधान अनुरूप यस आर्थिक वर्षका लागि आन्तरिक तथा सर्भिलियन्स अडिट सम्पन्न भएका छन् । आन्तरिक परीक्षण Soft-Tech C. I. (P) Ltd. नयाँबानेश्वर, काठमाण्डौका प्रतिनिधिबाट भएको थियो भने सर्भिलियन्स अडिड Quality Austria को नेपाल प्रतिनिधि संस्था NATCM-Nepal, नयाँ बानेश्वरका प्रतिनिधिबाट सम्पन्न भएको थियो ।

### विकास साझेदारहरूसँग अन्तरक्रिया

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमसँग सम्बन्धित विकास साझेदारहरूसँग मिति २०८०।०२।१० र २०७९।१०।१६ मा अन्तरक्रिया सम्पन्न भएका छन् । उक्त कार्यक्रमहरूमा बेलायती दुतावास, अष्ट्रेलियन दुतावास, स्विस दुतावास, युएनडीपी, नर्वेजियन राजदुतावास तथा विश्वबैंकका प्रतिनिधिहरूसँग गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट कार्यान्वयन गरिएका कार्यक्रमबाट प्राप्त सिकाई तथा सवालहरूका बारेमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

## चालु आ.व. मा प्रतिष्ठानद्वारा सम्पादित महत्वपूर्ण क्रियाकलापहरू

- जम्मा ११४ वटा तालिम/अभिमुखिकरणबाट कूल ४२०७ जना कर्मचारी तथा जनप्रतिनिधिहरू लाभान्वित
- ४ वटा सेवाकालीन तालिमबाट अधिकृत तथा सहायकस्तरका ११४ जना कर्मचारी लाभान्वित
- ३१५ जना कर्मचारीका लागि सेवा प्रवेश तालिम प्रदान
- अन्तरसरकार सम्बन्ध तथा स्थानीय तहको शासकीय सुधार सम्बन्धी संवाद कार्यक्रमको आयोजना
- ८५ स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी अभिमुखीकरण
- प्रशिक्षण परिषद्को पाँचौं बैठक सम्पन्न
- सेवाकालिन तालिम सञ्चालन सम्बन्धी कार्यविधि निर्माण
- आर्थिक प्रशासन सम्बन्धी SOP निर्माण
- ISO 9001:2015 प्रमाणपत्रको सार्वजनिकीकरण
- स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन
- प्रतिष्ठानद्वारा प्रदान गरिएका तालिमहरूको प्रभावकारिता अध्ययन
- कार्यालय सहयोगी, सुरक्षा गार्ड तथा सवारी चालकहरूको लागि निर्मित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure–SOP) प्रकाशन र अभिमुखीकरण
- गण्डकी प्रदेश अन्तरगतका तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि TOT को आयोजना